


# ४ सुनारको अनुहारमा टल्किएको हेर्ने कला

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती ५:१६, १ कोरन्थी ४:९, एफिसी ३:१०, अय्यूब २३:१-१०, मत्ती २५:१-१२, दानियल १२:१-१० र एफिसी ४:११-१६ ।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको मुहार वा टल्किएको ऐनामा हेरेर उहाँको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा रूपमान्तरित वा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ"** (२ कोरिन्थी ३:१८)।

प्रख्यात इसाई संगीतकार एमी कार्माइकलले एक दिन केही बालबालिकाहरूलाई भारतको परम्परागत सुनारको पसलमा लगेका थिए। त्यस पसलको बीचमा कोइला दनदन बलिरहेको थियो। त्यसमाथि गोलो चिल्लो, तेलिया ईँटाको भाँडो थियो। त्यस टाइलमा नुन, अमिलो फल र ईँटाको धुलो मिसाएर टाँसिराखेको थियो। त्यस मिश्रणमा सुन धाकिएको थियो। जब त्यस मिश्रण भएको भाँडोमा आगो दनदन बाल्यो र त्यस मिश्रणलाई पगाल्न थाल्यो तब त्यो सुन शुध्द र टल्किने भयो। सुनारले त्यस सुनलाई चिम्ताले लियो। उसको अगाडि त्यो सुन अझै शुद्ध र दागरहित भएको थिएन। अनि फेरि नयाँ समिश्रणसँगै त्यस सुनलाई आगोमा राख्यो। तर जब जब सुन त्यसमा राख्यो तब तब आगो पनि थप्यो। अनि बालबालिकाहरूले त्यस सुनारलाई सोधे, "होइन, साहुजी, त्यो सुन शुद्ध र दागरहित भएको छ भनेर तपाईँले कसरी थाहा पाउने?" उसले जवाफ दियो, "जब त्यस टल्किएको सुनमा मेरो अनुहार प्रष्टसँग देख्दछु।" *लर्णिङ्ग अभ गड,* (फोर्ट, पेनस्नीभेल्नियाः क्रिश्चियन, १९८९), पृ. ५०बाट रूपान्तरित।

प्रभुले हाम्रो चरित्र, स्वभाव, जीवनशैली, आत्मियता आदिलाई शुद्ध, सफा, स्वच्छ, निर्मल, चोखो, निष्कलङ्क, दागरहित र सज्जन बनाउ चाहनुहुन्छ। उहाँले हामीलाई सुनलाई जस्तो पगाल्न र खार्न चाहनुहुन्छ। उहाँको स्वरूपमा हामी परिवर्तन भएको उहाँ चाहनुहुन्छ। जगतको इतिहासमा मानव जीवनको निम्ति उहाँको त्यो लक्ष्यलाई अचम्म नै मान्नु पर्दछ। अझ अचम्म वा अचाक्लीलाग्दो तितो सत्य त यो छ, ख्रीष्टको जस्तो चरित्रको निर्माण गर्दै जान हामी पनि अग्निज्वाला वा अग्निहोममा भुट्नै पर्दछ र भुटिनै रहनुपर्दछ।

**<u>यस अध्यायको झलकः</u> शुद्ध, दागरहित, सफा, निष्कलङ्क र टल्काउने प्रक्रियामा दुःखकष्ट, पीडा, आतङ्क, हेपाइ, तिरस्कार जस्ता तत्वहरो किन खाँचो छ? प्रभु र सैतानको बीचमा भइरहेको महासंग्राम वा विवादको परिवेशमा त्यो प्रक्रियालाई हामीले कसरी बुझ्ने?**

## १. "उहाँको प्रतिरूप वा स्वरूपमा"

**"जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ वा प्रथम् होऊन् भनेर, अघिबाटै नियुक्त गरिनुभएको थियो।" रोमी ८ः२९ रूपान्तरित।**

पापको तत्व यस संसारमा पस्नु भन्दा अगाडि नै र हामीमा हुनुपर्ने स्वरूप नविग्रिँदै प्रभुले हामीलाई उहाँकै स्वरूप वा प्रतिरूपमा सृजना गर्नुभएको थियो। तर दुर्भाग्यबस मानिसको आफ्नै रोजाइले हामीमा भएको त्यो गरिमामय स्वरूप वा प्रतिमूर्तिलाई पापले ध्वस्त बनाइदियो।

**आजको सामाजिक, व्यक्तिगत, आत्मिक, वौद्धिक, न्यायीक, नैतिक र मौलिक जीवनमा मानिसमा भएको र हुनुपर्ने प्रभुको स्वरूप, स्वभाव कसरी भ्रष्ट र नाश भइरहेकाछन्? सोच्नुहोस्।**

हामी सबै पापले गर्दा भ्रष्ट, अर्थहीन, नैराश्यको भन्डारमा छौं भनेर पावलले यसरी सरासर व्यक्त गर्दछन्ः "तर हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रकाशमा ल्याउँछ भने, हामी के भनौं? के परमेश्वरको क्रोध हामीमाथि आइपर्दा उहाँले अन्याय गर्नुहुन्छ? (म मानिसले जस्तै तर्क गर्दछु।) कदाचित् होइन! त्यसो भए, परमेश्वरले संसारको इन्साफ कसरी गर्न सक्नुहुन्थ्यो र? तर यदि मेरो झूटले गर्दा परमेश्वरको सत्यता उहाँकै महिमाको निम्ति प्रशस्त हुन्छ भने, किन पापीझैं इन्साफमा परिरहेको छु? त्यसो भए, असल

होस् भनेर खराबी नै किन नगर्ने त? कोही-कोही मानिसहरूले हामी त्यसै भन्छौं भनी हामीलाई निन्दापूर्ण दोष लाउँछन्। तिनीहरूको दोषारोपण न्यायसङ्गतै छ। उसो भए के हामी यहूदीहरू अझ असल छौं त? अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पापको वशमा छन् भनी मैले दोष लगाइसकेको छु। जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।" "तिनीहरूका घोक्रा खुला चिहान हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्।" "सर्पको विष तिनीहरूका ओठमा छ।" "तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन्।" "तिनीहरूका खुट्टा रक्तपात गर्नलाई छिटा छन्। विनाश र दुर्दशा तिनीहरूको बाटोमा छन्, र शान्तिको बाटो तिनीहरूले चिनेका छैनन्।" "तिनीहरूका आँखाको सामने परमेश्वरको भय र श्रद्धा नै छैन। अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।" रोमी ३:५-२०। हामीले भन्न खोजेको कुरो यही होः जो मानिसहरूले आफ्नो प्राण वा जीवनलाई पवित्र आत्माको अगुवाइमा छोड्दछन् तब उहाँले नै कदमकदममा येशूको स्वरूपमा बिकसित गर्दै लानुहुन्छ" (रोमी ८:२९)।

अर्को व्यवाहारिक र स्पष्टपक्ष पनि हामी हेर्नु अत्यन्तै जरुरी छः "मानव जीवन र चरित्रमा प्रभुको त्यही स्वरूप, स्वभाव, चरित्र र प्रतिरूप प्रजनन वा उत्पन्न हुनै पर्दछ। प्रभुको सम्मान, आदर, महिमा, येशूको महिमा र गौरबको शुद्धकार्यमा प्रभुका जनहरूको चरित्र र स्वभावमा शुद्ध गर्ने प्रक्रिया समावेश भएको हुन्छ। *द दिजाएर अभ एजेज,* पृ. ६७१बाट रूपान्तरित।

***दिदीमाँ* एलेनले भन्नुभएको माथिको कथनले हामीलाई के भनिरहनुभएको छ? हेर्नुहोस् देहायका बाइबलीय वचनहरूः प्रभुकै इच्छा अनुसार हिंड्ने तर के भयो सो अय्यूबको बढो मार्मिक, कारुणिक र पीडादायी दृष्य अय्युब १मा हेर्नुहोस्, "ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। तिनका सात छोरा र तीन छोरी थिए। तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै**

कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि आफ्ना तीन बहिनीलाई निम्त्याउँथे। भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, "शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।" अय्यूब सधैं यसै गर्थे।

एक दिन स्वर्गीय दूतहरू* परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान* पनि तिनीहरूसँग आयो। परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त?" के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो।

एक दिन अय्यूबका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपिन गर्दैथिए। एउटा समाचारवाहक कुदेर अय्यूबकहाँ आएर भन्यो, "गोरुहरू जोतिरहेका र गधाहरू तिनीहरूका नजिकै चरिरहेकै बेला शबीहरूले गोठालाहरूलाई आक्रमण गरेर मारे, र ती सबै लगे। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, "परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।"त्यो बोल्दाबोल्दै अर्को एक जना आएर भन्यो, "कल्दीहरूले छापा मार्ने तीन दल बनाए र तपाईंका ऊँटहरू आक्रमण गरी लगे। तिनीहरूले नोकरहरूलाई मारे र तपाईंलाई समाचार दिनलाई म मात्र उम्कें।" त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो

र भन्यो, “तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपान गर्दैथिए। त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर मार्‍यो। अनि समाचार दिन म मात्र उम्कें।” यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे, र भूइँमा घोप्टो परेर दण्डवत् गरी भने, “म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।” यी सबै कुरामा अय्यूबले परमेश्‍वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्।", मत्ती ५:१४-१६ "“तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।", १ कोरन्थी ४:९ "जुलूसको पछिल्लो भागमा रहने मृत्युदण्ड पाएकाहरूलाई जस्तै परमेश्‍वरले हामी प्रेरितहरूलाई प्रदर्शनमा राख्नुभएजस्तै मलाई लाग्दछ। किनकि संसार, स्वर्गदूतहरू र मानिसहरूका निम्ति हामी तमाशा भएका छौं।" र एफिसी ३:७-१३ "उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्‍वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। सबै कुरा सृजनुहुने परमेश्‍वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, ताकि यसरी मण्डलीद्वारा परमेश्‍वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। उहाँमाथि राखिएको हाम्रो विश्‍वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्‍वरमा प्रवेश पाउँछौं। यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्। यसैकारण म पिताको सामने आफ्ना घुँड़ा टेक्तछु।"

हामी येशूलाई विश्वास गर्नेहरू सारा जगत वा ब्रम्हाण्डमा भइरहेको भीषण संग्रामको अग्निकुण्डको नाटकमा छौं भन्ने कुरो एक क्षण पनि विर्सनुहुन्न। जब हामी दिनदिनै यस विश्वको नैतिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, सामाजिक, व्यक्तिगत र भौगोलिक परिवेशहरू खुलिरहेको देखिरहेका हुन्छौं ख्रीष्ट र सैतानको बीचमा भइरहेको विवादीय संग्राम वा महायुद्ध खुलेमखुलामा चर्किरहेको देखिरहेका छौं। तिनीहरूको बीचमा भइरहेको युद्ध विभिन्न आकार र प्रक्रियाहरूले प्रकट भइरहेको छ। मोबाइल, टेलिभिजन वा विद्युतिय र विभिन्न पत्रपत्रिका आदि छापा समाचारहरूले त्यो युद्धको बारेमा हामीलाई खबर सुनाइरहेका छन् र सजग गरिरहका छन्। यथास्थितिमा हामी त्यसभित्र लुकिएको वा हराइरहेको जस्तो देखिएतापनि येशूका भक्तहरू भएको हैशियतले हामी पनि त्यस युद्धको नाटक वा दिर्घामा सहभागी भइरहेकाछौं छौं भन्ने कुराबाट हामी लुक्नुहुन्न। अनि हामीहरूकै जीवनहरूबाट येशूलाई महिमा र आदर ल्याउन सक्छौं भन्ने कुरामा पनि ढुक्क हुनसक्छौं।

**तपाईं ठूलो रङ्गशालामा हुनुहुन्छ रे। त्यस रङ्गशालाको एक दिर्घामा तपाईं प्रभुप्रति बफादार भइरहेका स्वर्गको जीवनहरूको जमातमा हुनुहुन्छ भने, अर्को दिर्घा वा जमातमा सैतानसँग पतित जीवहरू छन्। जब तपाईं विगतको २४ घन्टामा त्यस रङ्गशालामा पर्नुहुन्छ तब तपाईं कसको पक्षमा खुशियाली मनाइरहनुभएको छ अनि त्यस बेला तपाईं बारेमा खिचेको भिडियो तपाईंलाई देखायो भने तपाईंले कस्तो अनुवभ गर्नुहोला? तपाईंको जवाफले तपाईंको बारेमा के भन्छ?**

## २. अग्निपरीक्षा वा शुद्ध गर्ने आगोको ज्वालाको बीचमा प्रभुप्रतिको आस्था, निष्ठा, भरोसा र विश्वास

युद्धमा होमिनु वा होमिरहनु एक पक्ष हो; तर कुन कुन शक्तिहरूले कसरी र कहाँ कहाँ युद्ध छेडिरहेको छ सो भनेर देख्न पनि नसक्नु अर्को पक्ष हो। यथार्थ वा वास्तविकतामा भन्ने हो भने येशूलाई विश्वास गर्ने उहाँका अनुयायीहरू त्यस अदृष्य शक्तिहरूसँग सामना गर्न वाध्य नै भइरहेका हुन्छौं। त्यस युद्धबाट हामी उम्किन सक्दैनौं र न त सकिरहेका नै छौं। हामीलाई थाहा छ प्रभु र सैतानका शक्तिहरू मनगढन्ते नभएर वास्तविक छन, हामी सबैले कुनै न कुनै तरिकाले अनुभव गर्दछौं र गरिरहेका छौं। तैपनि

विश्वाससाथ हामी अघि बढिनै रहनुपर्दछ। यस परिवेशमा पावलले मोशाको बारेमा नै यस्तो वयान गर्दछन् "जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे (आफ्नो भाऊ त्यागे)पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि प्रभुले दिने इनामतिर लाएका थिए। राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। *किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे।* ज्येष्ठलाई नाश गर्नेले तिनीहरूलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के" (हिब्रू ११:२४-२८)।

**बिचरा अय्यूब अहिले हामीलाई जुन कुरा थाहा छ उनलाई थाहा थिएन। उनमा आएका सबै आपत्तिहरू प्रभुबाट त आएकै होइन तर सैतानबाट आएको थियो भन्ने कुराको ज्ञान उनमा थिएन। यद्यपि, उनी संघर्षमा होमिए। प्रभु र सैतानको बीचमा उनको जीवनमाथि खेलबाड भएको उनले कसरी देखेन र त्यो संघर्षको मूल तत्व के हो? फेरि त्यसै बखत उनका सबै दुःखकष्ट, पीडा र भयाभव परिस्थितिमा पनि प्रभुमाथिको आस्था, निष्ठा, विश्वास र भरोसा कायमै राख्न अय्यूब कसरी सफल भयो? हेर्नुहोस, "तब अय्यूबले आफ्ना मित्र भनाउँदा एलिहुलाई यसरी जवाफ दिएः "आज पनि मेरो गुनासो तीतो भएको छ, किनभने मेरो आर्तनादमा पनि परमेश्वरको गह्रौं बाहु ममाथि परेको छ। उहाँलाई भेट्टाउन मात्र सके त, उहाँको वासस्थानमा पस्न मात्र पाए त, म मेरो मामिला उहाँको सामुन्ने र मेरो सम्पूर्ण बहस उहाँकै अगि राख्नेथिएँ! उहाँले कस्तो जवाफ दिनुहुनेथियो म जान्नेथिएँ, र उहाँले के भन्नुहुनेथियो म थाहा पाउनेथिएँ। के उहाँले आफ्नो सारा महाशक्तिले मेरो विरुद्ध गर्नुहुन्छ र? *अँहँ, परमेश्वर आफैले त मेरो विरुद्धमा कहिल्यै दोष लाउनुहुनेछैन।* त्यहाँ सोझा मानिसहरूले उहाँको सामुन्ने आफ्नो मुद्दा पेश गर्न सक्नेछन्, र मेरा न्यायकर्ताबाट म सधैंको निम्ति छुटकारा पाउनेछु। "यदि म पूर्वतिर गएँ भने उहाँ त्यहाँ हुनुहुन्न, पश्चिमतिर गएँ भने म उहाँलाई त्यहाँ पाउँदिनँ। उहाँले उत्तरतिर काम गर्नुहुँदा उहाँलाई भेट्टाउँदिनँ, उहाँ दक्षिणतिर फर्कनुहुँदा पनि म उहाँलाई देख्न सक्दिनँ। *तर मैले लिएको बाटो उहाँ जान्नुहुन्छ। उहाँले मलाई जाँच गर्नुहुँदा म खारिएको सुनझैं ठहरिनेछु*। मैले उहाँको पाइला पछ्याएको छु, म उहाँको मार्गमा चलेको छु, अनि त्यसबाट म यताउता लागेको छैनँ। उहाँको मुखबाट निस्केको आज्ञालाई**

**म इन्कार गर्दिनँ, मेरो दैनिक भोजनभन्दा उहाँले भन्नुभएको कुरा मैले हृदयमा धेरै सञ्चय गरिराखेको छु। "तर उहाँ एकलो हुनुहुन्छ, अनि कसले उहाँलाई विरोध गर्न सक्छ? उहाँले आफ्नो मनको इच्छाबमोजिम गर्नुहुन्छ। उहाँले आफ्नो आदेश मेरो विरुद्धमा पूरा गर्नुहुन्छ। यस्ता योजनाहरूले उहाँको हृदय भरिपूर्ण छ। यसैकारण उहाँसँग भेट गर्न मलाई डर लाग्छ, यी सबै कुराहरूका विषयमा विचार गर्दा मलाई डर लाग्छ। परमेश्वरले नै मलाई निरुत्साहित तुल्याउनुहुन्छ, सर्वशक्तिमान्ले नै मलाई भयले भरिदिनुभएको छ। तापनि अन्धकारले मलाई चूप लाउन सक्दैन न त मेरो अनुहारलाई ढाकिदिने रहस्यले मलाई चूप लाउन सक्छ" (अय्यूब २३मा व्यक्त गरिएको अय्यूबको त्यो प्रतिवद्धता सराहनीय छ)।**

भयानक दुःखकष्ट भोगिरहेका, मित्रहरूको घाऊ पोल्ने खालका आरोपका आगोका ज्वालाहरू उनमाथि छर्किएतापनि र सबैतिरबाट एक्लिएको महसुस गरेतापनि अय्यूबले प्रभुमाथि भरोसा राखिनै राखे र आफ्नो निष्ठा कामयमै राखेका थिए। जेभएतापनि सहने प्रतिवद्धता उनमा थियो। उनी यस संसारमा सुनको तक्मा, अभिनन्दन र सम्मान खोजेका थिएन। तर आफू सुन पोलिने भट्टीमा पगालिरहने प्रयास गरे। उनले भविष्यलाई हेर्दै रहे र यदि उनी प्रभुलाई पकडि राख्यो भने उनी सुन जस्तै खारिएर निस्कने छ भन्ने कुरामा उनी निश्चित थियो। पर्दा पछाडि के भइरहेको थियो उसलाई के खास थाहा थियो त्यो हामीलाई बताइएको छैन। उनको पछाडि उनबाट जे लुकिएतापनि उनी आगोको शुद्धिकरणलाई सहन सक्नेभएका थिए।

के तपाईं आगोबाट डराउनुहुन्छ? तपाईंका वरिपरि भएका तापक्रमले के तपाईं चिन्तित हुनुहुन्छ? हुनसक्छ अय्यूबलाई जस्तो प्रभुको तापलाई तपाईंले वाख्या गर्न सक्नुहुन्न होला। नयाँ काम र नयाँ घरमा रहनेबेलामा असुविधा र कठिनाइ होला। काममै तपाईंमाथि इष्टमित्रहरूले दुर्व्यवहार, दवाव, र गिराउन थालेको होला। तपाईंकै परिवारका कुनै सदस्यहरूले तपाईंलाई पछार्न खोज्छन् होला। तपाईं बिरामी, कोभिड जस्तो आततायी बनाउने महामारीको चोटमा पनि होला। तपाईंले आर्थिक अवस्था गुमाइनै रहनुभएको होला। यी सबै तपाईंमा आउँदा बुझ्न त साह्रै कठिन त हुन्छ नै। तर ती सबै दुःखकष्ट र अग्निपरीक्षाहरू तपाईंकै भलाइ, तपाईंलाई नै शुद्धिकरण र सफा गर्न आइरहेका हुन् भनेर आत्मसात् गर्दै तपाईंको चरित्र र स्वभावमा प्रभुको स्वरूपलाई कसरी उतार्ने?

यहाँ अय्यूबलाई सुन हुने प्रक्रियामा लागेको जस्तो देखिन्छ। त्यस सुनमा उनको आँखा गाडेको थियो र दुःखकष्टमा उनलाई सुन नै बनाउँने छ भन्ने कुरामा उनी निश्चित थियो। उनी त सोझो, धर्मी वा धर्मपरायण, निर्दोष, सज्जन र प्रभुको बाटोमा हिँडिनै रहेका थिए।यद्यपि, त्यस महासंकष्टको परिप्रेक्ष्यमा उनलाई शुद्ध गर्दै छ भन्ने कुरामा उनी सजग नै थिए। यसले उनको चरित्रलाई शक्तिशालीरूपमा चित्रण गरेको छ। उनलाई कतिपय कुराहरू थाहा नपाएतापनि ती सबैले उनलाई शुद्ध बनाउँदैछन् भन्ने कुरामा उनी विश्वस्त थिए।

**तपाईंको आफ्नै अनुभवमा दुःखकष्ट र परीक्षाहरूले तपाईंलाई कसरी शुद्ध पारेको छ? दुःखकष्ट भन्दा अरूहरू कुन तरिकाहरू छन् जसले तपाईंलाई शुद्ध र निष्खोट बनाउन सक्छ?**

## ३. येशूका अन्तिम वचनहरू

मारिन लाग्नु भएको येशू यरुशलेममा थिए। उहाँ अन्तिम शिक्षण क्षणहरूमा आफ्ना चेलाहरूलाई अर्तिकथाहरू सुनाउन बिताउनुभएको थियो भनेर मत्तीको सुसमाचार कथाले बताउँछ। यो निस्तार चाडको समय थियो। उहाँले दश कन्या, बाख्रा र भेँडाहरूको कथा सुनाउनुभएको थियो। ती कथाहरूले येशू आउनुभन्दा अघि कसरी जिउनुपर्छ भनेर सिकाउँदछ। त्यो कथा त्यसबेलाका चेला र समयको निम्तिमात्र नभएर यो समयसापेक्षीत भएकोले हाम्रो निम्ति पनि हो। हाम्रा वरिपरि येशूले भविष्यवाणी गर्नुभएका विभिन्न घट्नाहरू जल्लोबल्दोरूपमा पूरा भइरहेको परिप्रेक्ष्यमा तिनीहरूप्रति सजग हुनु आवश्यक ठान्नु पर्दछ।

दश कन्याको अर्तिकथामा (मत्ति २५:१-१२) कन्याहरूले बोकेका तेल पवित्र आत्माको प्रतिक हुन् भनेर धेरैले टिप्पणी गर्दछन्। यस मामिलामा दिदीमाँ एलेन पनि सहमत हुनुहुन्छ। उहाँले यो पनि भन्नुहुन्छ कि तेल चरित्रको प्रतिक हो र यो कसैले पनि हामीलाई हस्तारण वा हाम्रो निम्ति आर्जन गर्न सक्दैन।

**यो अर्तिकथा पढ्नुहोस्। तेल पवित्र आत्माको प्रतिक हो कि प्रभुको रूप, चरित्र र स्वभाव तपाईंमा हुनु हो भनेर सोच्दा त्यस कथाको कस्तो अर्थ हुन सक्छ? तपाईंकै निम्ति यस कथामा भएको तेल पवित्र आत्मा हो कि येशू जस्तै चरित्र हुनुपर्ने गुण हो? हेर्नुहोस् "“तब स्वर्गको राज्य दश कन्याहरूसँग**

तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। "तर मध्यरातमा 'हेर दुलहा, उनलाई भेट्न आओ,' भन्ने आवाज आयो। "तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।' "तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।' "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। "पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।' "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन" (मत्ती २५:१-१३)।

बाख्रा र भेँडाको अर्तिकथा पढ्नुहोस्। बाख्रा र भेँडा अलग गर्न के नीति अपनाएको थियो? हेर्नुहोस् "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर।किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ" (मत्ती २५:३१-३६)।

कतिपय मानिसहरूले हामी येशूलाई विश्वास गर्‍यौं हाम्रो असल कामको कुनै सरोकार छैन र खालि उहाँको ध्यान गरेर चुपचाप बस्दै

वरिपरिका वातावरण र समस्याहरूलाई आँखा चिम्लेर बसे पुग्छ भनेर सोच्दछन्। तर यस भेँडा र बाख्राको अर्तिकथामा त राजाले तिनीहरूको कामको भरमा तिनीहरूलाई दुई फ्याक गरेका थिए भनेर बताउँदछ। तिनीहरूको चरित्र, चर्तिकला, आनिबानी, कामगर्ने शैली र अरूहरूप्रतिको संवेदनशीलताको आधारमा तिनीलाई अलग्याइएका थिए। यहाँ कामद्वारा मुक्ति पाउँछ, हाम्रै धर्मकर्मद्वारा मुक्ति हामी आर्जन गर्छौं भनेर येशूले सिकाउन खोजे त पक्कै पनि होइन। तर मुक्तिको योजनामा र प्रगतिमा चरित्र निर्माण कतिको महत्त्व छ र ख्रीष्टको उद्धारको दायरामा बस्ने येशूभक्तहरूको जीवन, चरित्र, चर्तिकला र सक्रिय जीवनले उहाँको चरित्रलाई प्रतिबिम्बित गर्नुपर्छ भन्ने कुरालाई येशूले जोड दिनुभएको पाइन्छ।

**जब कोही अन्धकारमा, एक्लोमा रहन्छ तब उसको चरित्र झल्किन्छ भनेर कसैले भनेको थियो। तपाईंलाई कसैले नहेरिरहेको बेलामा तपाईं कस्तो खालको व्यक्ति भएर बस्नुभएको छ? यस जवाफले तपाईंको जीवनमा के के परिवर्तन गर्नुपर्छ भनेर उक्साउँछ?**

## ४. बुद्धिमानी

दोस्रो आगमनको निम्ति पर्खिरहनेहरूको चरित्रको महत्त्व र उपादेयीताको बारेमा हामी अगाडि हेर्‍यौं। येशूको दोस्रो आगमनमा पर्खिरहेकाहरूमा हुनुपर्ने चरित्रको महत्त्वपूर्ण वा उल्लखेनीय पक्षहरू यस अंशमा हेर्नेछौं।

**दानिएल १२:१-१० पढ्नुहोस्। कुन सन्दर्भमा यो लेखिएको थियो? यस पृथ्वीको कुन युग वा इतिहासमा त्यो लेखिएको थियो? विशेष गरेर त्यस कठिन र विषम् परिस्थितिमा बाँचिरहेका प्रभुका जनहरूको चरित्र र स्वभाव कस्तो हुनेछ भनेर खुलाएको छ। दुष्टहरूको बिपरित तिनीहरूको चरित्र, मानवीय प्रवृत्ति वा स्वभाव कस्तो थियो? हेर्नुहोस् "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्। पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि। बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोर्‍याउनेहरूचाहिँ**

ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्। तर तिमीचाहिँ, हे दानिएल, यस चर्मपत्रका मुट्ठाका वचनहरू अन्तको समयसम्म बन्द गरी मोहोर लगाएर राख। धेरै जना ज्ञान बढ़ाउनलाई यता र उता जानेछन्।" तब म, दानिएलले हेरें र मेरो सामु अरू दुई जना उभिए, एक जना नदीको यतापट्टि किनारमा र एक जना अर्कोपट्टि किनारमा। तीमध्ये एक जनाले नदीको पानीमाथि हुने मलमलको लुगा लगाउनेलाई भने, "यी अचम्मका कुराहरू पूरा हुन अघि कति समय लाग्ला?" त्यस नदीका पानीमाथि हुने मलमलको लुगा लगाएका मानिसले आफ्नो दायाँ हात र बायाँ हात स्वर्गतिर उठाए, र सदासर्वदा रहनुहुनेको नाममा यसो भनेर तिनले शपथ खाएका मैले सुनें, "यो साढ़े तीन वर्षका* निम्ति हुनेछ। जब पवित्र जनहरूको शक्ति अन्तमाः तोड़िनेछ, तब यी सबै कुरा पूरा हुनेछन्।" मैले सुन्न त सुनें, तर बुझिनँ। यसकारण मैले सोधें, "मेरा प्रभु, यी सबै कुराको परिणाम के हुनेछ?" तिनले जवाफ दिए, "हे दानिएल, तिम्रो आफ्नो बाटो लाग, किनभने यी वचनहरू अन्तको समयसम्मको लागि बन्द गरी मोहोर लगाइएका छन्। धेरै जना शुद्ध पारिनेछन्, दागरहित बनाइनेछन् र खारिनेछन्, तर दुष्टहरूचाहिँ दुष्ट काम गर्दैजानेछन्। दुष्टहरूमध्ये कसैले पनि बुझ्नेछैन, तर बुद्धिमान्हरूले बुझ्नेछन्।" यही सन्दर्भमा प्रकाश २२:११,१२ पनि पढ्नुहोस्ः "दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्।" "हेर, म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।"

विश्वको इतिहास र सेरोफेरोमा यस्तो महासंकष्ट, सतावत, यातना र आततायी आतङ्क बनाउने, चिन्तित र आपदविपदहरू आउनेछन् जुन कहिल्यै पनि भएको थिएन। यसबेला धर्मी वा असल र अधर्मी वा दुष्टहरूको मार्मिक चित्रण दानिएल १२:३,१०ले खुलाएर नै दिएको छ। धर्मीहरूको तुलनामा अधर्मी वा दुष्टहरू (दानिएल १२:१०) कस्तो हुनेछ भनेर पर्दाफास गरेको छ। तर असल र धर्मीहरू शुद्ध, निर्दोष र दागरहित बनाइएकोले तिनीहरू तारा वा सूर्य जस्तै चहकिलो भएर चम्किन्छन् भनेर पद तीनमा दानिएलले स्पष्ट पारेको छ। त्यो त्यसबेला हुनेछ जब पृथ्वीको इतिहासमा त्यस्तो खारिने दुःखपीडा र सङ्कट कहिल्यै पनि भएको थिएन। दुष्टहरूले त्यो किनभयो भन्ने कुरामा तिनीहरू बुझ्दैनन्,अलमलमा पर्छन्, हताशनिराश हुन्छन्, तर

बुद्धिमानीहरू पनि त्यही सङ्कटमा परेतापनि तिनीहरूले बुझ्दछन् किनकि प्रभुको सामु तिनीहरू धर्मी र बुद्धिमानी थिए।

कतिपयले गणित, विज्ञान, आदर्शको दर्शनहरू, विवेचना वा समालोचक गर्ने ज्ञानी व्यक्ति भएकोले आफूहरूलाई कोही न कोही आदरणीय वा सम्माननीय व्यक्ति कहलाइनुपर्छ भनेर फाइफुट्टी लगाउँछन्। तर त्यसको बिपरित तिनीहरूको सबै बुद्धिज्ञान र वौद्धिक क्षमतालाई हितोपदेश १:७ले यसरी केलाइ दिन्छ, "परमप्रभुको भय नै ज्ञानको सुरु हो, तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ ठान्दछ।" अन्तिम समयका घट्नाहरू तिनीहरूलाई थाहा भएकै कारण तिनीहरू बुद्धिमानी भनेर कहलाएका हुन्छन्। तिनीहरूको अगाडि सङ्कटको समय र घट्नाहरू उघारिन्दै गएको हुन्छ। यस संसारमा जे अचाक्ली घट्नाहरू हुन्छन् तिनीहरू अचम्म मानेर ती सबै किनभयो भनेर हताशनिराश हुँदैनन्। प्रभुको वचनको अध्ययनले ती सबै थोकहरू आउने नै हुन भनेर तिनीहरूले अपेक्षा नै गरिरहेका हुन्छन्। अझ त्यस परिस्थिति त तिनीहरूलाई शुध्द पार्न र खारिन हो भन्ने कुरामा तिनीहरू ढुक्क भइरहेका हुन्छन्। तर दुष्टहरूचाहिँ आफ्नो आफ्नो लागि नै वाधा भएर खडा हुन्छन्, प्रभुको विरुद्धमा जाँदै झन झन दुष्ट काममा तिनीहरू लागिरहेका हुनेछन्।

यस अंशमा हामीलाई एउटा निर्णायक विषयबस्तु औंल्याइएको छ। प्रभुको जनहरूलाई सफा, शुध्द र खारिने प्रक्रियामा उहाँ लगिरहनुभएको छ भनेर तिनीहरूले झन राम्रोसँग बुझ्ने खुबी भइरहेको हुन्छ।

**ती पदहरू हामीले प्रायजसो संसारको अन्तिम क्षणहरूलाई चित्रण गरिएको हो भनेर हामी बुझ्दछौं। तर आज पनि उहाँका जनहरूलाई शुद्ध पार्न, तिखार्न, सफा पार्ने प्रक्रियामा के नीतिहरू अपनाइरहेको छ भनेर हामीलाई बुझाउन खोजिएको छ?**

## ५. चरित्र र समाज

एउटा लोकप्रिय गीत छः "म त चट्टान नै भएको छु, म त टापु नै भएको छु।" के तपाईं पनि कुनै समयमा एक्लै त्यसरी उभिन चाहनुभएको थियो? कतिले तपाईंलाई यो पनि भन्छन् होलाः प्रभुसँगको मेरो हिँडाइ मेरो व्यक्तिगत मामिला हो। अरू कसैसँग सरोकार छैन न त चर्चा गर्नु आवश्यक नै छ।

के येशूको पछि लाग्दा हाम्रो आस्था, विश्वास, जीवनशैली व्यक्तिगत मामिला वा हाम्रो आत्मिक जीवन हामीभित्रै लुकाएर राख्ने हो त? के अरूहरूसँग सरोकार छैन र अरूलाई जे होस् त्यसको वास्ता हामीमा राख्नु आवश्यक छैन भन्ने मनस्थितिमा लाग्नु जायज छ त? के हामी रहेको देश, समाज वातारणसँग हामी अलग र असंवेदनशील भएर बस्ने? के करुणा, भलाइ, सहानुभूति जस्ता तत्वहरू प्रार्थना र चर्चभित्र वा आफ्नै ध्यान गर्नेमामा सिमित राख्ने त? देहायका पदहरूले पावलले हामीलाई के भन्न खोजिरहेको छ? समाजसँगको हाम्रो भूमिका र सहभागिता कस्तो हुनुपर्दछ? हेर्नुहोस्, "(अब यो "उच्चमा चढ़िजानुभयो" भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्।) *अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्,* जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछअब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्। तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु।छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र

**परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, र दियाबलसलाई मौका नदेओ। चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ" (एफिसी ४:९-३२)।**

जब पावलले एफिसीका विश्वासीहरूलाई लेख्दछन् तब कुनै एक चर्च वा समूहलाई लेखेको हुँदैन बरू सम्पूर्ण विश्वासीहरू जो चर्च वा विश्वासीहरूको जमातलाई लेखेको हुन्छ। ती सबैको शिर कुनै अगुवा, पास्टर आदि नभएर येशूमात्र हुनुहुन्छ भनेर उनले ठम्याउँछन्। विश्वासीहरू सबै उहाँका हुन् र कसैको अधिनमा होइन भनेर उनी जोड दिन चाहन्छन्। येशूलाई विश्वास गर्नेहरू यस्तो समूदायको अनुभव गर्नुपर्छ जुन पावलले एफिसी ४:११-१३ मा पावलले स्पष्ट पार्दछन्: "*अनि उहाँका वा उहाँले दिनुभएका दक्षता, सिप, कला वा वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।*" यस स्थिति हामी पुग्न हामीलाई एक आपस चाहिन्छ।

एक्लै येशूभक्तको साधु वा कुनै खोपिएको गुफामा बसेर ध्यानमात्रै गरेर, प्रार्थनामात्रै गरेर र अरूहरूसँग कुनै सरोकार राखेर चल्न सम्भव त छ र भएका पनि छन्। फेरि शताब्दीयौंदेखि येशूभक्तहरू हेपिएका, एक्लो पारिएका विदेशी धर्म लिने भनेर पन्छाउने, सतावट दिने, घरवार र देशबाट निकाला भएर बसेका थिए। र त्यस परिस्थितिमा आफ्नो आस्था त्यागेर ती तत्वहरूलाई

खुशी पार्न सम्झौता नगरि एक्लै उभिनु परेका येशूभक्तहरूको शंख्याको त लेखाजोखा नै छैन। कसैको दवाव, मृत्युको धम्किमा नदवेका पुरुष, महिला, युवायुवती, बालबालिकाहरूका गवाहीहरू अत्यन्तै प्रभावकारी छन्। तर त्यो सत्य र अपरिहार्य भएतापनि पावलले एउटा निर्णायक सत्यलाई हाम्रो समक्ष प्रस्तुत गरेका छन्ः जब हामी समाज वा विश्वासीहरूसँग सङ्गति, सहकार्य गर्दछौं तब हामीमा भएको ख्रीष्टको पूर्णतालाई अनुभवमात्र होइन देखाइनै रहेका हुन्छौं।

तर हाम्रा विश्वासीहरूको समाज वा समूदायमा येशूको पूर्णता, चरित्र र स्वभावलाई प्रकट गर्नुभन्दा अघि के हुनुपर्दछ र? हेर्नुहोस् फेरि "अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफिसी ४:११-१६)।

आफू येशूभक्त हुँ भनेर येशूको पूर्णतालाई लुकाएर व्यक्तिगत मामिला हो भनेर देखाइरहनुको सट्टा समाजका मानिसहरूलाई उहाँलाई देखाउनु र उहाँको गवाही दिइरहनुमा के फरक छ? प्रभु र सैतानसँगको महानसंग्राममा त्यसका उपादेयीता वा व्यवाहारिक पक्षहरू के छन्? हेर्नुहोस्, "उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्" (एफिसी ४:१०)।

अरू अपरिचितसँग वा आफूमात्र एक्लै बस्दा राम्रो र सज्जन बनेर बस्नु सजिलो त छ। तर तपाईंलाई मननपर्ने वा तपाईंले नै मननपर्नेहरूको बीचमा असल र सज्जन हुनु सजिलो छैन। तर तिनीहरूको सामु तपाईंको सदाशयता, अनुग्रह, प्रेम, दया, करुणा र भलाइ देखाउँदा प्रभुको सत्यबारे कसैले रोक्न नसकिने गवाही हुनसक्छ भनेर ठम्याउनुहोस्।

**उपसंहारः**

**थप जानकारीः दिदीमाँ एलेनः सनस् एण्ड दतरस् अभ गडको पृ. १००को "गड प्रोमिसेस अस अ न्यु हर्ट अभ फ्लेश", क्राइस्ट अवजेक्ट लेसनसको पृ. ४०५-४२१को "टु मिट द ब्राइडग्रुम; र ग्रेट कन्त्रोभर्सीको पृ. ६१३-६३४को "द टाइम अभ ट्रोबुल।"**

"मानव समाजमा चरित्र निर्माण गर्ने गरिमामय महत्त्वपूर्ण काम जस्तो अरूभन्दा केही छैन। त्यस विषयमा अध्ययन र खोजअनूसुन्धान गर्ने अहिले नै महत्त्वपूर्ण छ भनेर सबैले ठान्नु जरुरी छ। अहिले जस्तो चरित्र निर्माणको काम पहिलाको कुनै पुस्तामा भएको थिएन। आजको जस्तो महान् भयाभव परिस्थिति युवायुवतीहरूले पहिले कहिले पनि सामना गर्नुपरेका थिएनन् " — एजुकेशन २२५बाट रूपान्तरित।

"दश कन्याको अर्तिकथामा तेल माग्नुपर्ने कन्याहरूलाई मूर्ख भनेर सम्बोधन गरिएको छ। तिनीहरूले अनुरोध गरेको अनुसार त्यो तिनीहरूले पाएका थिएनन्। सङ्कटको समयको निम्ति चरित्र निर्माण गरेर उभिन नसक्ने जमातलाई ती मूर्ख कन्याहरू हुन् भनेर प्रतिकको रूपमा प्रस्तुत गरिएको छ। यो त साँच्चै भनौं भने तिनीहरू आफ्ना छिमेकीमा गएर मलाई तपाईंको चरित्र दिनुहोस् भनेर माग गर्नु जस्तै हो। तपाईंको चरित्र मलाई दिनुभएन भने म त खतम हुन्छु भनेर तिनीहरूसँग याचना गर्नु जस्तो पनि हो। बुद्धिमानी कन्याहरूसँग भएको मूर्ख कन्याको निभ्न लागेको तेल दिन सकेका थिएनन्। कसैको चरित्र हस्तारण वा कसैलाई सार्न सक्दैन। यो न त किन्न र बेचिन सक्दछ। यो त आर्जन गर्ने तत्व हो। प्रभुले दिनुभएको समयमा उहाँले प्रत्येकलाई असल, धर्मी र सज्जन चरित्र निर्माण गर्न र प्राप्त गर्ने अवसर दिनुहुन्छ। तर एक जना मानिसले अर्को मानिसको चरित्र निर्माण गर्ने जिम्मा प्रभुले उपलब्ध गराउनुभएको छैन। त्यो निर्माण गर्ने काम प्रत्येकलाई कठिन परिस्थितिहरूबाट उपलब्ध गर्ने प्रावधान प्रभुले जुटाउनुभएको छ। महान् गुरुबाट महान् पाठहरू सिकेर, दुःखकष्ट र अग्निपरीक्षामा धैर्यता देखाउँदै उसमा भएको विश्वासको उपयोग गर्न सकुन् भन्ने प्रभुको चाहना हो। अनि त्यसले गर्दा असम्भवका पहाडहरू उसले हटाउन सक्दछ।" युथ इन्स्ट्रकटर, जनवरी १६, १८९६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. चरित्र निर्माणको अर्थ के हो? यो तपाईंले कसरी गर्न सक्नुहुन्छ? तपाईंले आफ्नो चरित्रको निर्माण गरिरहनुभएको छ भनेर तपाईंको व्यक्तिगत, सामाजिक र चर्चको जीवनमा कसरी प्रत्यक्षरूमा देखाइरहनुभएको छ?

आ. समूदाय वा गाउँघरमा इसाई जीवनको सहभागितामा कस्तो उल्लेखनीय भूमिका खेल्नुपर्दछ भनेर हामीले अघि हेऱ्यौं। तपाईंको स्थानीय चर्च येशूको शरीर हो भनेर कसर चलेर देखाइरहनुभएको छ? समाजमै प्रभुको कसरी प्रतिनिधित्व गरेर देखाउने? चिन्तन गर्नुहोस्।

इ. चरित्र निर्माणको किन खाँचो छ? येशूलाईमात्र विश्वास गरेर मुक्ति पाउँछौं भन्ने परिप्रेक्ष्यमा पनि बिना ईश्वरीय चरित्रले हामी मुक्तिको किल्लाभित्र पस्न सक्दैनौं। यदि उहाँको धार्मिकता शिद्ध छ र उहाँको चरित्र नै शिद्ध छ भने हामीमा असल चरित्रको निर्माणको किन खाँचो छ त?

ई. विश्वविख्यात अन्धी र बहिरा हेलेन केलेरले यसरी व्यक्त गरेकी थिइन्, "चरित्र भनेको चुपचाप र सजिलोसँग निर्माण गर्न सक्दैन। दुःखकष्ट, अग्निपरीक्षा, पीडाको अनुभवबाटमात्र मानिसको आत्मा बलियो हुनसक्दछ, उसको आँखा वा दर्शन सफा हुनसक्दछ, उसमा भएको नेतृत्वको खुबीमा जागरण आउन सक्दछ र उसले सफलता हासिल गर्न सक्दछ।"-*लिडरशिप,* ठेली १७।

उ. के तपाईं माथिको कथनमा सहमत हुनुहुन्छ? चरित्र, दुःखकष्ट र महानसंग्रामको बीचमा के आपसी सम्बन्ध छ?

## कथा ४
## परमेश्वरको नियन्त्रणमा छ, बोलभिया
## कुर्ट



क्यारोल आफ्नो साथी कुर्टकहाँ ठूलो समस्या लिएर आइन्। बोबलभियाको ट्रिनिडाडमा रहेको घर कसैले आफ्नो हातमा पार्न खोजेको थियो। कुर्टले उनलाई सहायता गरोस् भन्ने उनले चाहेकी थिइन्।
जब क्यारोल बोलभियाबाट ब्राजिलमा आनस्थेसियोलोजीमामा मास्टर गर्न सरेकी थिइन् तब त्यहाँबाट उनलाई समस्या सुरु भयो। क्यारोल र कुर्ट चिकित्सा विश्वविद्यालयमा सँगसँगै काम गर्दथे, र उनी र उनको श्रीमानको ट्रिनिडाडमा मेडिकल क्लिनीक थियो।

जब क्यारोल र उनको श्रीमान ब्राजिलमा सरे तब तिनीहरूले तिनीहरूको घर र जग्गा एक जना विश्वासी साथीको हातमा छोडेका थिए। त्यो जग्गा अत्यन्तै असल ठाउँमा थियो। सहरको मूख्य भागबाट नजिकै थियो। तिनीहरूको साथी क्यारोको घरमा सरे। त्यो घर र जग्गा किन्न साथीले उत्सुक देखाएको थियो। त्यस कारोबारको निम्ति क्यारोलले केही पैसा पनि दिइन्।

तर धेरै वर्षपछि क्यारोल आफ्नो घरमा फर्केकी थिइन्, उनको साथीले त त्यो घर जग्गा पैसा नै नतिरि आफ्नै गर्न कानुनी प्रक्रिया सुरु गरेकोले उनी धेरै दुःखित भइन्। कसैको घर जग्गा केही वर्ष भोग चलन गरे आफ्नै हुने प्रावधनमा उनको साथीले फाइदा उठाएको थियो। क्यारोलले मुद्दा हालिने। त्यो मुद्दा केही बर्षसम्म लम्बियो। मुद्दा चलेको पाँचौं वर्षमा ब्राजिलमा क्यारोलले आफ्नफ अध्ययन पनि सकाइन् र ब्राजिलमा राम्रो काम पाइन्। उनी र उनको श्रीमान पनि ब्राजिलमै रहने गरेर घर किनिन्। बोलभियामा मुद्दा गर्न क्यारोलसँग पैसा थिएन, त्यसकारण आफ्नो पुरानो साथी कुर्टकहाँ आएर भनिन्, "मेरो सम्पत्ति तपाईंको चर्चलाई दिन चाहन्छु।" एक फेरा उनी र उनको श्रीमानले त्यहाँ मेडिकल क्लिनिक निर्माण गर्न चाहेका थिइ अब त्यसको ठाउँमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च खडा भएको उनले

चाहिन्। "हाम्रो जग्गामा आत्मिक क्लिनिक खोलेको म चाहन्छु," उनले भनिन्।

कुर्टले चर्चका अगुवाहरूसँग सरसल्लाह गरे। सहरमा सुसमाचार सुनाउने काममा प्रयोग गर्न त्यो दान ग्रहण गर्न स्वीकार गरे। तर सैतानले त्यो जग्गा चर्चले लिएको चाहेको थिएन। मुद्दा अर्को पाँच वर्षसम्म चल्यो। अनि त्यो मुद्दा बोलभियाको सर्वोच्च अदालतमा पुग्यो। मुद्दाको पछि लाग्न धेरै समय लाग्थ्यो, तर परमेश्वरले हस्तक्षेप गर्नुभयो। सर्वोच्च अदालतमा पुगेको मुद्दा एक महिनमा फैसला भयो। त्यो फैसला एडभेन्टिस्ट चर्चको पक्षमा छिन्यो। चर्चले त्यस जग्गाको लाल पूर्जा पायो र त्यहाँ नयाँ चर्च र स्वस्थ जीवनशैली निर्माण गर्न योजना बनाइयो।

परमेश्वरले आफ्नै समयमा उहाँको महिमाको निम्ति ठाउँहरू बनाउने योजना बनाउनुहुन्छ भनेर फेरि देखाउनुभएको छ। सबै थोक उहाँको नियन्त्रणमा छ। स्वर्गमा झैं यस पृथ्वीमा पनि उहाँको इच्छा पूरा हुन्छ," कुर्टले सुनाए।

-आन्ड्र्यु मेकचेस्ने